नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

# भू-सूचना तथा अभिलेख विभाग

## नापी कार्यालयहरुमा रहेका कित्तानापी नक्साको डिजिटाइजेशन गरी GEO-DATABASE तयार गर्ने लगायतका अन्य तपशिल वमोजिमका कार्यहरु गर्न आशय-पत्र ( Letter of Intent ) आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन मिति २०६८/९/१९

यस विभागको आ.व. ०६८/०६९ को बार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखित जिल्ला स्थित भूमिसुधार तथा नापी कार्यालयहरुमा रहेका भूमि सम्वन्धी श्रेस्ता कम्प्यूटराईज गर्ने तथा कित्तानापी नक्सा डिजिटाइज गरी Geo-Database तयार गर्ने कार्यका लागि आवश्यक सम्पूर्ण कम्प्यूटर, यन्त्रउपकरण, घर भाडा र बिद्युत महसुल तथा जनशक्तिको व्यवस्था सहित सम्बन्धित क्षेत्रमा नै कार्यरत रही कार्य सम्पादन गर्नका लागि अनुभव तथा बिशेषज्ञता हासिल गरेका इच्छुक परामर्शदाता तथा परामर्शदातृ संस्थाहरुबाट विभागद्वारा उपलव्ध गराईने GUIDELINES वमोजिमको आशय-पत्र (Letter of Intent) आव्हान गरिन्छ ।

१. कार्यक्षेत्र:

१.१ कित्ता नापी नक्साको डिजिटाइजेशन गरी **GEO-DATABASE** तयार गर्ने ( कित्तामा )

खण्ड "क" नापी कार्यालयहरु धनकुटा, उदयपुर, सिन्धुली र पर्साको छुट समेत करिव ८ लाख
खण्ड "ख" नापी कार्यालयहरु डडेलधुरा, डोटी, वाँके र वर्दियाको छुट समेत करिव ८ लाख

१.२ नापी कार्यालयहरुमा रहेको प्लट रजिष्ट्रको विवरण कम्प्यूटर ईन्ट्री गरी ईमेज तयार गर्ने ( कित्तामा )

खण्ड "क" नापी कार्यालयहरु झापाको चन्द्रगढी र दमकको करिव ६ लाख

१.३ भूमिसुधार कार्यालयहरुमा रहेका महत्वपूर्ण अभिलेखहरुको ईमेज तयार गर्ने ( पानामा )

खण्ड "क" भूमिसुधार कार्यालयहरु काठमाण्डौ, भक्तपुर र ललितपुरको करीव ६ लाख

१.४ मालपोत तथा नापी कार्यालयहरुमा रहेको डाटाहरुलाई **CILIS** को स्टयार्न्डड कोड अनुसार सेन्ट्रल डाटावेसमा स्थान्तरण गर्ने ( कार्यालय )

खण्ड "क" मालपोत कार्यालयहरु कंचनपुर, कैलाली, टिकापुर, वाकें, वर्दिया, रुपन्देही, नवलपरासी, कावासोती, चितवन, मकवानपुर, धनुषा, सुनसरी, विराटनगर, वेलवारी, चन्द्रगढी, दमक, ईलाम, काभ्रेपलान्चोक, रामेछाप, दोलखा, तनहूं, स्याङजा, काश्की, सूर्खेत, पर्वत, वाग्लुङ, धादिङ तथा नापी कार्यालयहरु डिल्लीवजार, कंलकी, चावहिल, ललितपुर, भक्तपुर लगायतका ४५ कार्यालय ।

२. माथि उल्लेख भएका कार्यहरु विभागबाट विकास गरिएको Software / Guidelines प्रयोग गरी गर्नु पर्नेछ । आशय-पत्रदाताले उल्लेखित कार्य र Software सम्बन्धी जानकारी आवश्यक भए विभागले सो सम्बन्धमा विस्तृत जानकारी उपलव्ध गराउनेछ ।

३. आशय-पत्रदाता प्रचलित कानून बमोजिम रजिष्टर्ड व्यक्ति, फर्म, संस्था वा कम्पनी भै VAT मा दर्ता भएको एवं चुक्ता गर्नु पर्ने सम्पूर्ण करचुक्ता गरी नविकरण समेत भएको हुनु पर्नेछ ।

४. आशय-पत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र दर्ता गराई सक्नु पर्नेछ । त्यस दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समय भित्र दर्ता गराई सक्नु पर्नेछ ।

५. आशय-पत्रदाताले माथि उल्लेखित कार्य सम्पादन गर्न विभागले उपलव्ध गराएको Guidelines तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार प्रस्तावदाताको योग्यताका आधार, अनुभव र क्षमता पुष्टि गर्ने कागजातका अतिरिक्त आशयपत्रदाता फर्म वा कम्पनी भए सा.ख.नियमावली २०६४ को नियम ७०(ङ) लाई पुष्टि गर्ने कागजातहरु अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।

६. छनौट भएका आशय-पत्रदाताबाट मात्र माथी उल्लेखित कार्य गर्न ३० ( तिस ) दिनको म्याद दिई प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिनेछ । यसरी माग गरिएको प्राविधिक प्रस्तावमा आशय-पत्रमा उल्लेखित विवरणहरु फरक गर्न पाइने छैन । तत् सम्बन्धी अन्य कुरा सार्वजनिक खरिद ऐन २०६३, र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

७. आशय-पत्रदाताले प्रस्ताव गरिएको जनशक्ति तथा यन्त्रउपकरणहरु आफुसगं मौजुदा रहेको वा करार/भाडामा ल्याउने के हो ? स्पष्ट उल्लेख गरी त्यसको विवरण पेश गर्नु पर्नेछ । विभागले आवश्यक ठानेमा उक्त विवरणहरुको भौतिक निरिक्षण समेत गर्न सक्नेछ ।

८. इच्छुक आशय-पत्रदाताले माथि उल्लेखित कार्य मध्ये कुनै १ ( एक ) खण्डको लागि मात्र प्रस्ताव पेश गर्न सक्नेछन् ।

९. इच्छुक आशय-पत्रदाताले संयुक्त उपक्रमको रुपमा सेवा दिने भए वढीमा ३(तीन) वटा फर्म सम्मको मात्र संयुक्त उपक्रममा प्रस्ताव पेश गर्न सक्नेछन् ।

१०. इच्छुक आशय-पत्रदाताले तोकिएको समय भित्र दर्ता हुने गरी आफ्नो प्रस्ताव हुलाकबाट समेत पठाउन सक्नेछन् । तर कुनै कारणवस म्याद भित्र प्राप्त हुन नसकेका आशय-पत्रहरु उपर कुनै कारवाहि हुने छैन ।

११. तोकिएको योग्यता नपुगेका तथा विभागले तोकेको Guidelines आसार प्रस्ताव पेश नभएका आशय-पत्रदाताको आशय-पत्र उपर कुनै कारवाहि हुने छैन ।

१२. यस सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र खरिद इकाईमा सम्पर्क राख्न सकिनेछ ।

१३. आशय-पत्र पेश गर्नु पर्ने कार्यालय तथा स्थान :-

भू-सूचना तथा अभिलेख बिभाग
नेपाल औषधि कम्प्लेक्स,
बबरमहल, काठमाण्डौ ।
फोन : ४२१८५२८,४२५३०७५
www.dolia.gov.np